"ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/८१
चलानी नं :- ८८६

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

मिति: २०८०।०६।०४

श्री टोखा नगरपालिकाका
सम्पूर्ण एथलेटिक्स खेलाडिहरु ।

**विषय: एथलेटिक्स प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति काठमाडौंको च.नं. २६, मिति २०८०।०५।३१ को पत्रानुसार एथलेटिक्स परिवार नेपालको आयोजनामा मिति २०८०।०६।१३ गते संचालन हुने तपसिल बमोजिमको अन्तर नगरपालिका राष्ट्रिय क्रसकन्ट्री दौड प्रतियोगितामा भाग लिन इच्छुक एथलेटिक्स खेलाडीहरुले मिति २०८०।०६।०९ गतेभित्र यस टोखा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. सिनियर पुरुष १० कि.मि. दौडमा ३ जना,
२. सिनियर महिला १० कि.मि. दौडमा ३ जना,
३. जुनियर पुरुष ५ कि.मि. दौडमा ३ जना,
४. जुनियर महिला ५ कि.मि. दौडमा ३ जना ।

**नोट :**

जुनियर तर्फका इभेन्टहरुमा २०६३ साल भाद्र मसान्त ( असोज १ गते पछि ) जन्म भएका खेलाडीहरुले भाग लिन पाउने छन । साथै २०६६ साल भाद्र मसान्त पछाडि जन्म भएका खेलाडीहरु सहभागी हुन पाउने छैनन् ।

बाबुराम गौतम
प्रमुख शिक्षा अधिकृत

अन्तर

# नगरपालिका

NATIONAL CROSS COUNTRY CHAMPIONSHIP

२०८० असोज १३ | शनिबार | काठमाडौं

## नियमावली एवं जानकारी

१) प्रतियोगिता २०८० साल असोज १३ गते ( तदनुसार २०२३ साल सेप्टेम्बर ३० तारिक) शनिबार संचालन हुनेछ।

२) प्रतियोगितामा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाबाट देहाय बमोजिम खेलाडी सहभागी हुन पाइनेछ।

   क. सिनियर पुरुष १० कि. मि. दौडमा ३ जना खेलाडी सहभागी

   ख. सिनियर महिला १० कि. मि. दौडमा ३ जना खेलाडी सहभागी

   ग. जुनियर पुरुष ५ कि. मि. दौडमा ३ जना खेलाडी सहभागी

   घ. जुनियर महिला ५ कि. मि. दौडमा ३ जना खेलाडी सहभागी

३) विभागीय टिममा कार्यरत खेलाडीहरुले आ-आफ्नो बसोबास स्थल रहेको स्थानीय नगरपालिकाबाट सहभागिता हुन पाइनेछ।

४) प्रतियोगितामा भाग लिने उपत्यका बाहिरका नगरपालिकाका खेल टोली २०८० साल असोज १२ गते शुक्रबार दिनको १ बजे भित्र काठमाडौं आई पुग्नु पर्नेछ।

५) प्रतियोगितामा सहभागी हुन प्रत्येक नगरपालिकाले खेलाडी दर्ता शुल्क बापत १२ जना खेलाडीको एकमुष्ट रु. १०,०००/- बुझाउनु पर्नेछ।

६) यदि कुनै नगरपालिकाबाट १२ भन्दा कम खेलाडी सहभागी हुने भएमा प्रति खेलाडी रु. १,०००/- दर्ता शुल्क बुझाउनु पर्नेछ।

७) प्रत्येक इभेन्टमा ३/३ जना खेलाडी सहभागी नभएमा ३ जनाले सहभागिता जनाए पनि ३ भन्दा कम खेलाडीले दौड पुरा गरेमा टिम इभेन्टमा नतिजा गणना गरिने छैन।

८) Grand Overall Team Winner मा बिजेता बन्नको लागि ४ वटै इभेन्टमा सहभागी सबै खेलाडीहरुले दौड पुरा गरेको हुनु पर्ने र प्राप्त गरेको स्थानको आधारमा अंक गणना गरी नतिजा घोषणा गरिनेछ।

९) व्यक्तिगत, टिम इभेन्ट र Grand Overall Team Winner मा देहाय बमोजिमको प्रकियाबाट नतिजा घोषणा गरिन्छ।

   क. व्यक्तिगत : प्रत्येक इभेन्टमा तर्फ प्रथम, दोस्रो र तेश्रो स्थान प्राप्त गर्नेलाई।

   ख. टिम इभेन्ट : प्रत्येक टिमबाट सहभागी ३ खेलाडीले प्राप्त गरेको स्थानको अंकलाई जोडेर।

   ग. Grand Overall Team Winner: प्रत्येक टिमले प्रतिष्पर्धा भएका ४ वटा इभेन्टमा प्राप्त गरेको स्थानको अंकलाई जोडेर।

१०) जुनियर तर्फका इभेन्टहरुमा २०६३ साल भाद्र मसान्त (असोज १ गते पछि) जन्म भएका खेलाडीहरुले भाग लिन पाउने छन्। साथै २०६६ साल भाद्र मसान्त पछाडी जन्म भएका खेलाडीहरु सहभागी हुन पाउने छैनन्।

११) जुनियर इभेन्टमा भाग लिने खेलाडीहरुले उमेर प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ।

१२) सहभागी खेलाडीहरुको नामावली २०८० असोज १० गते बुधबार सम्म दर्ता गर्नु पर्नेछ।

१३) सहभागी सम्पूर्ण खेल टोलीले खाना, बसोबास र यातायात व्यवस्था सम्बन्धित निकायबाट गर्नु पर्नेछ।

१४) सहभागी खेलाडीहरुलाई